बुद्धशान्ति गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बुधबारे, झापा।

प.सं.२०८२/८३
च.नं.

कोशी प्रदेश, नेपाल

## आन्तरीक आय ठेक्का आव्हानको सूचना

### टिमाई खोलावाट निस्कने नदीजन्य पदार्थको वातावरणमैत्री तरीकाले उत्खनन्, संकलन तथा बिक्रीको लागि बोलपत्र आव्हानको सूचना

दोस्रो पटक सूचना प्रकाशित मिति: २०८२/०७/२१

स्थानिय सरकार सञ्चालन ऐन, २०७४, बुद्धशान्ति गाउँपालिकाको आन्तरीक आय संकलन (ठेक्का वन्दोवस्त) सम्वन्धी कार्यविधि २०८० तथा गाउँ कार्यपालिकाको बैठक निर्णय वमोजिम यस गाउँपालिकाको IEE (आई. ई. ई.) प्रतिवेदनमा उल्लेखित नदीहरुको स्वीकृत नाका/घाटमा निर्धारीत मापदण्ड बमोजिम नदीजन्य सामग्री उत्खनन् गरी कोशी प्रदेश सरकारले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकाले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको चालु आ.व.को नविकरण भएको प्रमाणपत्र, मुल्य अभिवृद्धिकर (VAT) दर्ता प्रमाण-पत्र, आ.व. २०८०/०८१ को करचुक्ता प्रमाणपत्र संलग्न गरी तपसील वमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन ईच्छुक सम्वन्धित सवैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएकोछ ।

तपसिल

| आय ठेक्का नं. | बोलपत्रको नाम | उत्खनन् नाका संख्या | संशोधित वार्षिक उत्खनन परिमाण (घन मि.) | संशोधित न्युनतम बोलपत्र रकम (मु.अ.क.बाहेक) | धरोटी रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| 03/BRM/IR/082/83 | टिमाई खोलाको पानीघट्टा नाकावाट निस्कने नदीजन्य पदार्थको उत्खनन्, संकलन र विक्री कार्य | १ | ५२८१८.५० | १,२४,८७,७०३.६५ | ६,२४,३९०.१५०० | ३,०००। (तिन हजार मात्र) |

शर्तहरु :

शर्तहरु :

१. फर्मको हकमा नविकरण भएको दर्ता/ईजाजत प्रमाणपत्र, मुल्य अभिवृद्धी कर दर्ता प्रमाणपत्र, आ.व.२०८०।८१ को कर चुक्ता प्रमाणपत्र, बोलपत्र फाराम दस्तुर वापत यस कार्यालयको एन.आई.सी. एशिया बैंक, बुधवारे शाखामा रहेको ग-१.१ आन्तरीक राजस्व खाता बुद्धशान्ति गाउँपालिका खाता नं. ०८५२०५५४९९५१३००७ (राजस्व शिर्षक नं.१४२२९-अन्य प्रशासनिक सेवा शुल्क) मा नगद जम्मा गरेको भौचर साथ निवेदन पेश गरी बोलपत्र पेश गर्न चाहने

मनोज कुमार साह
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

प.सं.२०८२/८३ कोशी प्रदेश, नेपाल

च.नं.

बोलपत्रदाताले विघुतीय माध्यमबाट सार्वजनिक खरीद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ ।

२. खरीद गरेको वोलपत्र मिति २०८२।०८।०७ गते दिनको १२:०० बजे भित्र विघुतीय माध्यमवाट पेश गर्नु पर्ने छ । प्राप्त बोलपत्रहरु सोही दिन दिउसो २.०० वजे कार्यालय समयमा खोलिनेछ । बोलपत्र पेश गर्ने वा खोल्ने अन्तिम दिनमा सार्वजनिक बिदा पर्न गएमा सो को लगत्तै पछिको कार्यालय खुलेको दिन उल्लेखित कार्य हुनेछ ।

३. प्रि-विड बैठक मिति २०८१।०७।२८ गते दिनको १२:०० वजे गाउँपालिका कार्यालयमा हुनेछ। ईच्छुक वोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिइ यस सम्वन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ ।

४. बोलपत्र दाखिला गर्न ईच्छुक फर्म वा कम्पनीले धरौटी वापत कबोल अंक (मु.अ.क.वाहेक) को ५% ले हुन आउने रकम यस गाउँपालिकाको NIC Asia Bank Ltd बुधवारे शाखामा रहेको ग ३ धरौटी खाता बुद्धशान्ति गाउँपालिका खाता नं. **85CA499513524003** मा नगद दाखीला वा नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैङ्कले जारी गरेको कम्तिमा ९० दिन म्याद भएको बिड वण्डको सक्कल प्रति बोलपत्र सम्वन्धी कागजातसाथ संलग्न गर्नुपर्ने छ

५. बोलपत्र खरीदकर्ताले आफुले कबोल गरेको अंक र अक्षरमा प्रष्ट देखिने गरी लेखु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।दर्ता भएका वोलपत्र फिर्ता तथा संशोधन हुने छैन ।

६. रित पुर्वक दाखिला भएका बोलपत्र मध्ये बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा सुचना नै रद्ध गर्ने वा सूचना संसोधन लगायतआदि सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. शर्त राखी पेश गरेको तथा रीत नपुगेको बोलपत्र माथि कारवाही हुने छैन ।

८. प्रचलित नियम अनुसार कालो सूचीमा परेका र यस कार्यालयलाई बुझाउनु पर्ने बाँकी बक्यौता भएका फर्म तथा कम्पनीहरुको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

९. विशेष अवस्थामा उत्खनन् कार्यमा हेभी मेसिनरी, स्काभेटर प्रयोग सम्वन्धमा कार्यपालिकाको निर्णय वमोजिम हुनेछ ।

१०. ठेकेदारले नदीजन्य पदार्थ संकलन गर्ने स्थानमा दररेट सहितको सूचना पाटी टाँस गर्नुपर्नेछ र राजश्व संकलन गर्ने कर्मचारीलाई परिचयपत्र लगाई मात्र संकलन कार्य गराउनु पर्नेछ ।

११. ढुङ्गा, गिट्टी, रोडा, ग्राभेल, बालुवा, माटो (भरौट र बलौट) झिक्नु पर्ने घाटगद्दी स्थलसम्म जान आउन आवश्यक पर्ने बाटो बनाउने तथा बाटो मर्मत गर्नुपर्ने अवस्था आएमा ठेकेदारले आफ्नै तर्फबाट गर्नुपर्ने छ। ढुङ्गा, गिट्टी, रोडा,ग्राभेल, बालुवा, माटो लिन कुनै व्यक्ती वा निकायको निजि जग्गा वा बन क्षेत्र भित्र जानु पर्ने भएमा सम्बन्धितको स्वीकृति लिने कार्य स्वयं ठेकेदारले नै गर्नुपर्नेछ ।

१२. ठेकेदारले नदीजन्यपदार्थ संकलन, उत्खनन् हुने घाटगद्दी स्थल सम्बन्धी खर्चहरु स्वयं आफैले बेहोर्नु पर्नेछ ।

१३. खोला तथा नदीको घाटगद्दीहरुमा सम्पुर्ण जानकारी सहितको सुचना पाटी )साईनबोर्ड( अनिवार्य रुपमा राखी सबै सरोकारवालाहरुले देख्ने गरी आफ्नै खर्चमा राख्नुपर्नेछ ।

१४. यस सूचनामा उल्लेख भएका शर्तहरु यस टेण्डर प्रयोजनका लागी अभिन्न अंगको रुपमा मानिनेछ ।

मनोज कुमार साह
प्रमुख प्रशासकीय अधिकृत

# बुद्धशान्ति गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बुधबारे, झापा।

प.सं.२०८२/८३ | कोशी प्रदेश, नेपाल
च.नं.

बुद्धशान्ति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुधबारे, झापा कोशी प्रदेश नेपाल

१५. बोलपत्र स्वीकृत भएपछि सूचना पाएको वा पत्रिकामा सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र सम्झौता गर्न आउनु पर्नेछ । मनासिव कारण बाहेक सो अवधि भित्र सम्झौता गरी ठेक्कापट्टा नलिएमा निजको धरौटी रकम जफत गरी त्यसपछिको क्रमानुसार रितपूर्वकको बोलपत्रदातालाई नियमानुसार ठेक्का सम्झौता गर्न सूचना दिन सकिनेछ।

१६. किस्ताबन्दी रुपमा रकम बुझाउँदा ठेकेदारले आफूले कबोल गरेको कुल रकम २ किस्तामा बुझाउनु पर्नेछ ।पहिलो किस्ता वापतको रकम (कवोल अंकको ४०% ले हुन आउने) सम्झौता गर्नु अगावै बुझाउनु पर्नेछ भने दोस्रो किस्ता वापतको रकम (कवोल अंकको ६०% ले हुन आउने) २०८३ वैशाख मसान्त भित्र बुझाउनु पर्नेछ ।

१७. किस्तावन्दीमा रकम बुझाउदा ठेकेदारले ठेक्का कबोल गरेको अंकमा दोश्रो किस्ताको रकम वराबरको जमानत बापत नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकवाट २०८३ पौष मसान्त सम्मको बैंक ग्यारेन्टी सम्झौता गर्नु पूर्व पेश गर्नु पर्नेछ । दोश्रो किस्ता बुझाउने म्याद भित्र बाँकी बुझाउनु पर्ने रकम नबुझाएमा कार्यालयले धरौटी जफतको प्रक्रिया अघि बढाउनेछ ।

१८. ठेक्का कवोल रकम एकमुष्ट अग्रिम वुझाएमा कवोल अंको १०% छुट दिईनेछ ।

१९. किस्ता रकम म्याद भित्र बुझाउनु पर्नेछ।म्याद भित्र नबुझाएमा गाउँपालिकालाई बुझाउनु पर्ने बाँकी रकमको ०.०५ प्रतिशत प्रति दिनले हुन आउने रकम जरिवाना स्वरुप तिर्नु पर्नेछ ।

२०. ठेक्का संचालनको सिलसिलामा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहलाई प्रचलित ऐन नियमानुसार बुझाउनु पर्ने अन्य कर,दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंले सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ ।

२१. ठेक्का अवधिभर ठेकेदारले ठेक्का तोड्न पाउने छैन । विचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट असुल हुन बाँकी रकममा १०% व्याज जोडी असुल उपर गरिने छ । यसरी ठेक्का तोडिन गई बाँकी अवधिको लागि ठेक्का या अन्य व्यवस्था गर्दा निजले कबोल गरे भन्दा कम रकम उठ्न गएमा सो कम रकम पनि पूर्व ठेकेदारवाटै सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

२२. ठेक्का अवधि ठेक्का सम्झौता भएको मितिदेखि २०८३ जेठ मसान्तसम्म रहनेछ । प्राविधिक प्रतिवेदन वमोजिम तोकिएको समय अगाडि नै तोकिएको परिमाण उत्खनन् तथा संकलन भइसकेकोमा सो मितिसम्म सम्झौता अवधि रहनेछ ।

२३. नदीजन्य सामग्री निकाल्दा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन अनुसार मात्र निकाल्नु पर्नेछ ।

२४. कुनै पनि कर, शुल्क वा बिक्री मूल्य असुल उपर गर्न राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट वा तगारो राखीअसुल गर्न पाइने छैन र कर संकलन गर्ने स्थानमा कर संकलन गरिने वस्तुहरुको मुल्य सहितको सूची सर्वसाधारणले देख्ने गरी ठेकेदारले आफ्नै तर्फबाट अनिवार्य रुपमा राख्नु पर्नेछ।

२५. अनुगमनको क्रममा कानून र मापदण्ड बमोजिम कार्य गरेको नपाईएमा तत्काल कानून बमोजिम कारवाही गरिनेछ ।

२६. IEE प्रतिवेदनले तोकेको नदीको उल्लेखित स्थान/नाकामा एकै समयमा एउटै स्थानबाट मात्र तोकेको परिमाणमा उत्खनन् र संकलन गर्न पाईनेछ । यसरी उत्खनन् गरेको परिमाणको लगत प्रत्येक १५/१५ दिनमा कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।उत्खनन् संकलन गरिसकेको नदीजन्य सामाग्रीलाई घाटगद्दी गरेर मात्र विक्री वितरण गर्नु पर्नेछ । यसरी उत्खनन् /संकलन तथा घाटगद्दी गर्दाको लागत स्वयं ठेकेदारले बेहोर्नु पर्नेछ । तोकिएको परिमाणभन्दा घटी परिमाणमा निर्माण सामाग्री उत्खनन्/संकलन भएको कारणले कुनै छुट मिनाहा माग्न पाईने छैन ।

मनोज कुमार साह
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

प.सं.२०८२/८३
च.नं.

बुद्धशान्ति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुधबारे, झापा कोशी प्रदेश, नेपाल

२७. यस सुचना बमोजिम सम्झौता भई ठेक्का चलानपूर्जी जारी गरिएपछि कुनै किसिमको मिनाहा माफी वा छुट हुनेछैन ।

२८. माथि उल्लेखित शर्तहरु बाहेक अन्य शर्तको हकमा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ र ठेक्काका अन्य शर्तहरु स्थानीय सरकार सञ्चालन ऐन, २०७४, बुद्धशान्ति गाउँपालिकाको आर्थिक ऐन, २०८२ र सम्झौताका बखतमा समेत निर्धारित हुन सक्नेछ । अन्य कुरा बुझ्नु परेमा कार्यालय समयमा बुद्धशान्ति गाउँपालिकाको राजश्व इकाई र पूर्वाधार विकाश तथा वातावरण व्यवस्थापन शाखामा सम्पर्क राख्न सकिनेछ ।

२९. यस सूचनामा भएका व्यहोराहरु यसै अनुसार हुनेछन् । नभएको हकमा गाउँ कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

३०. यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र यस सूचनामा उल्लेख नभएको हकमा प्रचलीत ऐन नियम बमोजिम हुनेछ ।

२०८२।६।२९

मनोज कुमार साह
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

# बुद्धशान्ति गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बुधबारे, झापा।

प.सं.२०८२/८३
च.नं.

कोशी प्रदेश, नेपाल

बुद्धशान्ति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुधबारे, झापा कोशी प्रदेश, नेपाल

संशोधित IEE प्रतिवेदन अनुसार आ.व. २०८२।०८३ मा टिमाई खोलाबाट उत्खनन्/संकलन गर्न सकिने नदीजन्य सामाग्रीको विवरण र परिमाणको Bill of Quantity

| क.सं. | उत्खनन् क्षेत्रको नाम र उत्खनन् संख्या | उत्खनन गर्न सकिने कुल घ.मि. | कबोल दररेट प्रति घ. मि. | | जम्मा कबोल अंक रु. (मू.अ.क.बाहेक) |
|---|---|---|---|---|---|
| | | | अंकमा | अक्षरमा | |
| १ | टिमाई खोलाको पानीघट्टा नाका वु. शा. ५ (बुद्धशान्ति गा.पा.को भाग मात्र) | ५२८१८.५० | | | |
| | जम्मा | | | | |

जम्मा कवोल अंक अक्षरमा ..........................................................................................

पेश गर्ने फर्मको नाम र ठेगाना .......................

.............................................................................

हस्ताक्षर...........................................

प्रतिनिधिको नाम थर.....................................

फर्मको छाप ..............................

फर्मको स्था.ले.नं./मु.अ.क.नं.......................

मनोज कुमार साह
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

बुद्धशान्ति गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बुधबारे, झापा।

प.सं.२०८२/८३
च.नं.

कोशी प्रदेश, नेपाल

(बुद्धशान्ति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुधबारे, झापा कोशी प्रदेश, नेपाल)

## संशोधित उत्खनन्/संकलन स्थल र परीमाण सम्वन्धीको विस्तृत विवरण

| क्र. सं. | संकलन केन्द्र/नाका/वडा नं. | वार्षिक उत्खनन् हुने नाँपजाँच | | | वार्षिक उत्खनन् गर्न सकिने घन मिटर |
|---|---|---|---|---|---|
| | | लम्वाई | चौडाई | गहिराई | |
| १ | | ७०२ मी. | ७२ मी. | १.१ मी. | |
| | क) ढुगा/गिटी/ग्रावेल/वालुवा | | | | ४७५३६.६५ |
| | ख) माटो/भरौट/बलौट | | | | ५२८१.८५ |
| | जम्मा | | | | ५२८१८.५० |

संकलन केन्द्रको अक्षास/देशान्तर सम्वन्धिको विस्तृत जानकारी कार्यालयवाट वुझ्न सकिनेछ ।

मनोज कुमार साह
प्रमुख प्रशासकीय अधिकृत

CamScanner